# सिद्धार्थनगर नगरपालिकाको कार्यालय

## सामाजिक परीक्षण प्रतिवेदन

आ.व. २०७१/०७२



**प्रतिवेदन पेश गरिएको कार्यालय**

**सिद्धार्थनगर नगरपालिकाको कार्यालय**


**प्रतिवेदन पेश गर्ने**

महेन्द्र पाण्डे

परामर्शकर्ता/सामाजिक परिक्षक


मिती : २०७२/८/१३

# सिद्धार्थनगर नगरपालिकाको कार्यालय

# आ व २०७१/०७२ को सामाजिक परीक्षण सम्वन्धि प्रतिवेदन

## १.परिचय

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ (१) बमोजिम स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्य लाई व्यवस्थित गर्न संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७ तर्जुमा गरिएको छ । सामाजिक परिक्षण गरे नगरेको विषयलाई एम.सि.पि.एम अन्तरगत कार्यसम्पादन मापनका सुचकमा समेत समावेस गरिएको छ । स्थानीय निकायले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि सामाजिक परीक्षण, आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गर्नु पर्ने कुरा कार्यविधिले स्पष्ट गरेको छ । यसैगरि कार्यविधिमा सामाजिक परीक्षणका सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै स्थानीय निकायलाई ऐन तथा नियमावली तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, आयोजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको सामाजिक विकासका सुचकहरुलाई आधारमानि लेखाजोखा गर्नु पर्ने विषय स्पष्ट संग उल्लेख गरिएको छ । यसै सन्दर्भमा सिद्धार्थनगर नगरपलिकाको पनि आ.व. २०७१/०७२ को सामाजिक परिक्षण गर्ने कायको लागि जिम्मेवारी पाईए अनुसार कार्य सम्पादन गरि नगरपालिका समक्ष सामाजिक परिक्षणको अन्तिम प्रतिवेदन पेश गरिएको छ ।

## २. उद्धेश्य

सिद्धार्थनगर नगरपालिकाको आ.व. २०७१/०७२ को सामाजिक परिक्षण गर्ने ।

## ३. सामाजिक परीक्षणमा अपनाइका अनुसन्धान विधि र प्रकृयाहरु

सिद्धार्थनगर नगरपालिकाको आ.व. २०७१/०७२ को सामाजिक परिक्षण गर्ने उद्धेश्यको लागि सामाजिक परीक्षणको कममा अपनाईएका विधि एवं प्रकृयाहरु यस प्रकार छन् ।

### क.विधिहरु

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट कार्यविधिले निर्देश गरे अनुरुप देहायका विधिहरू प्रयोग गरी सम्पन्न गरिएको छ ।

### सन्दर्भ सामग्री अध्ययन र समिक्षा

सन्दर्भ सामाग्रीको रूपमा स्थानीय निकाय सम्बन्धि ऐन, नियम, कार्यविधि र निर्देशिकाहरू, स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिकयोजना, सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बहन्धि अभिलेख तथा सुचना, नागरिक बडापत्र, सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनुवाई प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू, गत बर्षको सामाजिक परीक्षण प्रतिवेदन तथा अन्य आवस्यक सामाग्रीको अध्ययन गरिएको छ ।

### अन्तरवार्ता, स्थलगत निरिक्षण, अवलोकन र समूह छलफल

कार्यविधिले उल्लेख गरे वमोमिका सुचकहरूका आधारमा स्थानीय निकायका पदाधिकारीहरू, शाखा प्रमुख, आयोजना प्रमुख, विषयगत कार्यालय प्रमुखसँग अर्धसंरचित अन्तरवार्ता लिईएको थियो । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाई समूह छलफल गरिएको छ । साथै केहि आयोजना एवं कार्यक्रमहरु स्थलगत निरीक्षण र अवलोकन गरि सामाजिक कार्यसम्पादनको अवस्था समेत अध्ययन गरिएको छ । यस क्रममा सामाजिक जिम्मेवारी बहनका क्रममा देखिएका प्रमुख समस्या, चुनौती, तिनीहरूको कार्यान्वयनको अवस्था र भावी कार्यदिशाका बारेमा बुँदागत रूपमा प्रतिवेदन तयार गरिएको छ ।

## ख. सामाजिक परिक्षण प्रकृया

### प्रारम्भिक प्रतिवेदन माथि खुला छलफल

परामर्शकर्ताको तर्फवाट पेश भएको प्रतिवेदन र प्रस्तुति स्थानीय भेलामा प्रस्तुत गरिने छ । उक्त भेलामा स्थानीय निकायका प्रमुख सरोकारवालाहरू तथा वास्तविक उपभोक्ताका प्रतिनिधिहरू (वर्तमान पदाधिकारीहरू, नागरिक समाज, राजनैतिक दलहरू, प्रमुख करदाताहरू, पूर्व जनप्रतिनिधिहरू, पिछडिएका वर्ग, वालबावालिका, महिला प्रतिनिधि, स्थानीय गैसस, टोल विकास संस्था, वडा नागरिक मन्च तथा सामुदायिक संस्थाहरू, बुद्धिजीवीहरू आदि) को उपस्थिति रहेको थियो ।

प्रतिवेदन प्रस्तुति कार्यक्रममा विवरण प्रस्तुत भएपछि निम्न प्रकारका प्रश्नहरू माथि खुला छलफल भयो र सहभागीहरूको प्रतिक्रिया तथा सुझाव प्राप्त भयो ।

- नगरपालिकाकाले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव
- नगरपालिकाकाले गरेका विकास योजनाहरूमा जन सहभागिताको स्थिति
- नगरपालिकाकाले समयमा सेवा सुविधा दिन सेवा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू
- स्थानीय निकायको तर्फबाट पेश गरेको विवरण प्रतिको विश्वसनीयता
- वालवालिका, महिला, दलित, जनजाति ,गरिब, जेष्ठ नागरिक, तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारिता

- स्थानीय निकायले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्य सम्पादनको स्तर
- सामाजिक उत्तरदायित्व पूरा गर्न स्थानीय निकायको वर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन प्राप्त सुझावहरू

**अन्तिम प्रतिवेदन पेश**

छलफलमा उठेका सुझाव तथा निर्णयहरु समावेश गरेर अन्तिम प्रतिवेदन ( अनुसूची ४ ) तयार गरी न.पा समक्ष पेश गरिएको छ ।

## ४. सिमाहरु

- सामाजिक परिचालन कार्यविधिले अन्य विषयगत कार्यालयहरु एवं गैर सरकारी संस्थाहरुका गतिविधिहरु पनि सामाजिक परिक्षण कार्यविधिले निर्देश गरेको अनुसुचि मा समावेश गर्नु पर्दछ भनिएता पनि सिमित श्रोत साधन र विद्यमान अस्थिर राजनितीक परिस्थितिका कारण यि कार्य हुन सकेनन् । तथापि समग्रमा ति कार्यालयका प्रयासहरुलाई संक्षेपमा समेट्ने प्रयास गरिएको छ ।
- अनुसुचि २ र ३ का विषयवस्तुहरु नीतिगत विष्लेषण तालिकामा समेटि प्रस्तुतिको गुणस्तर कायम गर्ने प्रयास गरिएको छ ।

# ५. सामाजिक परिक्षणवाट प्राप्त हुन आएका नतिजाहरु

## ५.१ नगरपालिकाको परिचय

सिद्धार्थनगर नगरपालिका नेपालको पुरानो नगरपालिका मध्ये एक हो । यसको स्थापना वि.सं. २०२४ (सन् १९६७) मा भैरहवा नगर पञ्चायतका रुपमा भएको हो । सिद्धार्थनगरको रुपमा वि.सं. २०४७ जेष्ठ २८ गते ( सन् १९९०) नामाकरण भएको हो । यो नगरपालिका रुपन्देही जिल्लाको सिमाबर्ती क्षेत्रमा पर्दछ । पूर्वमा बगाहा र बसन्तपुर गाबिस, पश्चिममा हाटीबनागाई गाबिस, उत्तरमा पडसरी र फर्साटिकर गाबिस र दक्षिणमा भारतीय सिमा नाका महाराजगंञ्ज जिल्ला रहेको छ ।

यस नगरपालिकाको भौगोलिक अवस्थितिलाई हेर्दा ८३ ° २६' पूर्वी देशान्तर देखि २७° ३१' उत्तर अक्षांसमा रहेको छ । यो नगरपालिका समुद्र सतहबाट ११० मिटर उचाईमा रहेको छ र क्षेत्रफलको ३६.०३ व.कि.मी. रहेको छ । २०६८ सालको राष्ट्रिय जनगणना अनुसार नगरपालिकाको जनसंख्या ६३४८३ रहेको छ । जसमध्ये महिलाको संख्या ३१८१० र पुरूषको संख्या ३१६७३ रहेको छ । घरधुरी संख्या १२,४९७, प्रति परिवार औषत सदस्य संख्याः ५.०७ र जनघनत्व प्रति वर्ग कि.मीं ३०१२ जना रहेको छ । जनसंख्याममा पुरूष महिला अनुपात १ः १.०५ रहेको छ । नगरमा वसोवास गर्ने प्रमुख जातिहरुमा ब्राहमण (पहाडी), मुसलमान, क्षेत्री, मगर, गुरूङ्ग आदि छन् । राजनीतिक/प्रशासनिक दृष्टिले यो नगरपालिका रुपन्देहिको निर्वाचन क्षेत्र नं. २ मा रहेको छ र जम्मा १३ वटा वडामा विभाजित छ । पछिल्लो तथ्यङ्क अनुसार नगरपालिकाको साक्षरता दर ७८.९४% रहेको छ । क्षेत्रिय अन्तराष्ट्रिय विमानस्थलको रुपमा निर्माणाधिन गौतम बुद्ध विमानस्थल यसै नगरपालिका भित्र पर्दछ । गौतम बुद्धको जन्मस्थल लुम्विनी यस नगरपालिकाबाट २२ कि.मि.को दूरीमा रहेको छ ।

## ५.२ नगरपालिकाको प्राथमिकता तथा लक्षहरू

**दुरदृष्टि** : आवधिक नगर विकास योजनाले निर्दिष्ट गरेको “पर्यटन उद्योग, व्यवसाय र शिक्षा, हराभरा बुद्धभूमि शिद्धार्थनगरको ईच्छा” दुरदृष्टि रहेको छ ।

### मुख्य नीतिहरु :

नगरपालिकाको वार्षिक नगर विकास योजना २०७१/०७२ का मुख्य नीतिहरु यस प्रकार छन् ।

१ भौतिक पूर्वाधार विकास नीति

२ सामाजिक विकास नीति

- महिला शसक्तिकरण नीति

- वातावरण तथा सरसफाई सम्वन्धि नीति
- गरिबी न्युनीकरणसम्वन्धि नीति
- जनस्वास्थ्य व्यवस्थापन सम्वन्धि नीति
- बाल विकास सम्वन्धि नीति
- समुदाय विकास तथा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनसम्वन्धि नीति
- समावेशी विकास नीति
- शिक्षा, सँस्कृति,कला तथा खेलकुद विकास सम्वन्धि नीति
- सुशासन प्रवर्धन तथा संगठन विकास नीति

३.आर्थिक एवं वित्तिय नीति

- सार्वजनिक निजी साझेदारी व्यवस्थापन सम्वन्धि नीति
- सार्वजनिक सम्पत्ती संरक्षण तथा व्यवस्थापन सम्वन्धि नीति
- आन्तरिक आय बृद्धि तथा राजस्व व्यवस्थापन सम्वन्धि नीति

## ५.३ नीति विश्लेषण र यसको प्रभाव

जिल्ला तथा नगर आवधिक विकास योजना, राष्ट्रिय योजना आयोगले लिएका उद्धेश्यहरु, मन्त्रालयका मार्गदर्शन तथा निर्देशनहरु, विद्यमान ऐन, नियमावलि र कार्यविधि एवं अन्तराष्ट्रिय सन्धि, महासन्धि, सम्झौताहरु, सहश्राव्दि विकास लक्ष्यहरुलाई आधारमानी नगरपालिको नीतिको तयारी गरिन्छ । नीति हरेक वर्ष परिवर्तन हुने कुरा होईन । तर यो समय सापेक्ष भने हुनु पर्दछ । नीतिको आधारमा योजना वनाईने र योजनाको आधारमा कार्यक्रम तथा आयोजनाको तय गरिने गर्दछ । यसै सन्दर्भमा सिद्धार्थनगर नगरपालिकाले वार्षिक नगर विकास योजनामा लिएको नीति अनुसार योजना तथा कार्यक्रमहरु तय भए नभएको र यसमा पनि सामाजिक क्षेत्रहरु र लक्षित वर्गको सहभागिता र पहुंच के कस्तो रहेको छ भन्ने विषयमा विश्लेषण गर्न आवष्यक देखिन्छ । यस कार्यको लागि नगरपालिकाका कर्मचारिहरुसंग शाखा शाखा अनुसार छलफल गरि विष्लेषण तालिका तयार गरियो जुन देहाय अनुसार छ ।

## ५.४ नगरपालिकाको सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता विष्लेषण

### ५.४.१ नगर सरोकारवाला विष्लेषण

नगरपालिकामा तपसिल वमोजिमका विकास सम्वन्धि सरोकारवालहरु संलग्न रहेका छन् ।

क. २२ राजनितीक दलहरु

ख. उद्योग वाणिज्य संघ र निजि क्षेत्र

ग. विषयगत कार्यालयहरु

घ. गैर सरकारी संघ संस्थाहरु

- पलकेश नेपाल : (सामाजिक परिचालन सञ्चालन सम्वन्धि सेवा प्रदायक संस्था)
- सिद्धार्थ सामुदायिक सेवा संस्था
- नमुना एकिकृत परिषद (वडा नं ९ र १० मा रहेका नगर स्वास्थ्य केन्द्रहरुलाई सहयोग, मातृ शिशु, पोषण, स्वस्थ्य शिशुको प्रतिस्पर्धा,)
- ए.वि.सि नेपाल( वैदेशिक रोजगारि सम्वन्धि)
- एन. आर डि.सि.(एकिकृत शहरि विकास कार्यक्रम अन्तरगथ)
- सेतो गुंरास वाल विकास सेवा (वाल वालिका सम्वन्धि)

ङ. सामुदायिक संघ संस्थाहरु

च. अन्य नागरिक समाजका संघ संस्थाहरु

### ५.४.२ नगरपालिका भित्र विभिन्न समिति, उपसमितिहरुको क्रियाशिलताको विष्लेषण :

नगरपालिकामा विभिन्न किसिमका समिति तथा उप समितिहरु गठन भई क्रियाशिल रहेका छन् । समितिको बैठक आबश्यकता अनुसार बस्ने गरेको छ । समितिको काम कारवाही सम्बन्धी प्रतिवेदन नगरपालिका वैठकमा प्रस्तुत भई छलफल समेत हुने गरेको छ । गठन भई क्रियाशिल रहेका उक्त समितिहरु यस प्रकार छन् ।

- नगरपालिका अन्तरगत अनुगमन तथा सुपरीवेक्षण समिति
- एकिकृत योजना तर्जुमा समिति,
- नगर स्तरिय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समिति
- सामाजिक परिचालन समन्वय समिति

- पदपुर्ति समिति, सार्वजनिक नीजि साझेदारी प्रवर्द्धन समिति
- राजश्व परामर्श समिति
- आयोजना व्यबस्थापन समिति

### ५.४.३ गत वर्षको वजेट विष्लेषण

आर्थिक बर्ष २०७१/७२ मा चालु खर्चतर्फ रु ९,४४,८५,००० र पूजिगततर्फ रु २६,१४,१२,०७४ गरी जम्मा रु ३५,५८,९७,०७४ को बजेट स्वीकृत गरिएको थियो । स्वीकृत बजेटमध्ये आन्तरिक स्रोतबाट रु ४,८८,४८,०६१, अनुदानतर्फ रु ७,४८,८२,०००, राजश्व वाडफँडबाट रु ५५,००,०००, ऋण रु १००,००,००० र बैदेशिक अनुदान (ए.डि.वि)तर्फ रु १८,३६,२६,१०० हुने गरी बजेट स्वीकृत भएकोमा आन्तरिक स्रोततर्फ रु ४,९८,१९,९९०।४१ यथार्थ आय भएको छ भने बाह्य स्रोततर्फको आम्दानी रु २९,१०,६१,२०,५६७।८३ रहेको छ । प्रस्तुत बजेटबाट नगरपरिषद्ले स्वीकृत गरेका योजना तथा कार्यक्रमहरु सञ्चालन भएका छन् । यसरि आर्थिक बर्ष २०७१/७२ मा विनियोजित वजेटलाई हेर्दा सामाजिक क्षेत्रमा विषयहरुले खासै प्राथमिकता नपाएको देखिन्छ । तर आर्थिक बर्ष २०७२/७३ (यसै वर्ष)को लागि विनियोजित वजेटले भने सामाजिक क्षेत्रमा राम्रो प्राथमिकता पाएको छ ।

## ५.२ गत वर्ष २०७१/७२ का मुख्य मुख्य उपलब्धिहरू

गत वर्षका उपलब्धिहरुलाई तल प्रस्तुत गरिएको छ ।

### ५.२.१ सिद्धार्थ नगरपालिकाकामा गत वर्ष गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभावहरु

नगरपालिकाको आ.व.२०७१/७२ को नीति, वजेट तथा कार्यकम र यसको प्रभाव सम्वन्धि कुराहरु वुंदागत रुपमा तल प्रस्तुत गरिएको छ । थप कुराहरु माथिको विष्लेषण तालिकामा उल्लेख गरिएको छ ।

- वडास्तरबाट प्राथमिकता प्राप्त गरी आएको योजनाहरुलाई समावेश गरिएको ।
- सवै वडाहरुमा कम्तिमा १० लाख र वढीमा ३३ लाख सम्मको योजना समावेश गरिएको ।
- वजेटको सीमा भित्र रही कार्यक्रमलाई समावेशी वनाउने प्रयास गरिएको ।
- आन्तरिक आय करिव ५ करोड आर्जन गर्ने लक्ष्य राखिएको ।
- भौतिक पूर्वाधार विकासमा वढी जोड दिने प्रयास गरिएको ।
- सहभागितामुलक योजना निर्माण प्रकृया अवलम्वन गरिएको ।
- पहिलो पटक महिला सशक्तिकरणका लागि स्पस्ट वजेटको व्यवस्था गरिएको ।
- न्यून वजेटको अवधारणा अनुसार निर्माण गरिएको वजेट ।
- खुला दिशामुक्त नगर वनाउने लक्ष्यलाई नीतिमा समविस्ट गरिएको ।

- चालु वर्षको महत्वपूर्ण क्षेत्रगत नीतिहरुलाई निरन्तरता दिइएको ।
- एशियाली विकास बैकको अनुदान सहयोगमा सञ्चालन गरिने कार्यक्रमका लागि म्याचिङ कोषको व्यवस्था गरिएको ।
- लागत सहभागिताको लागि पनि बजेट विनियोजन गरिएको ।
- IUDP अर्न्तगत क्षमता विकास कार्यकम अर्न्तगत लक्षित समुदायको शसक्तिकरण सम्बन्धी कार्यकम समावेश भएको ।

## ५.२.२ योजना तर्जुमा प्रकृया र जन सहभागिताको स्थिति

सहभागितात्मक योजना तर्जुमा प्रकृया विष्लेषण गर्दा आ.व.२०७१/०७२ को नगरविकास योजना अन्तरगतको वजेट विनियोजन केहि त्रुटिपूर्ण देखिन्छ । खासगरि श्रोत परिचालन कार्यविधिले निर्देशन गरेका स्पष्ट वजेट विनियोजनका सुत्रहरु र प्रावधानलाई प्राथमिकता दिईएको देखिदैन । यसले गर्दा वडा र वस्ति तहवाट आएका योजनाहरु अधिकांश सडक एवं नालिमा केन्द्रित भएको देखिन्छ । न.पा.मा ए.डि.वि.को सहयोग प्राप्त एकिकृत सहरी विकास कार्यकमवाट खास गरि भौतिक पूर्वाधारमा प्राथमिकता दिईएको सन्दर्भमा न.पा. वाट केहि सामाजिक, आर्थिक क्षेत्रको विकास र क्षमता अभिवृद्धिका विषयहरुमा ध्यान दिनु पर्ने हो । तर वजेट विनियोजनमा यि विषयहरुले प्राथमिकता पाएको देखिदैन । पछिल्लो आ.व.२०७२/०७३ को नगरविकास योजनामा भने यि विषयहरुले प्राथमिकता पाएका छन् । योजना तर्जुमा गर्दा सहभागितामुलक विधिको अवलम्वन भएको छ । योजना प्रकृया शुरुहुनु अगावै अर्थात् २०७१ कार्तिक मंसिर महिनामा ६ वटा सामाजिक परिचालन कार्यकम लागु भएका वडामा वडा नागरिक मन्चको पुनर्गठन र अन्य ७ वडाहरुमा वडा नागरिक मञ्चको गठन गरियो । गठन भएका यिनै वडा नागरिक मञ्चको सहजिकरण वाट उपभोक्ता समिति गठन गरिएको र आयोजनाको अनुगमनमा समेत वडा नागरिक मञ्चको संलग्नता देखिन्छ । निर्वाचित प्रतिनिधी नभएको शुन्य अवस्थामा यस मञ्चले सहभागितात्मक योजना तर्जुमा प्रकृयामा सहयोग गरेको छ । वडा तहमा न.पा.को बजेट सिलिङ्गको आधारमा छलफल चलाई प्राथमिकताको आधारमा लक्षित वर्ग अन्तरगतका योजना र अन्य योजनाहरु स्पष्ट छुट्टिने गरी एकिकृत योजना तर्जुमा समिति समक्ष सिफारिश भएको छ । वडा नागरिक मञ्चवाट सिफारिस गरिएका ६३ आयोजनाहरु मध्ये ४३ वटा आयोजनाहरु नगरपरिषद्वाट २०७२।०७३ को लागि पारित भएका छन् । **कुल पुंजिगत बजेको ६ प्रतिशत भन्दा वढि रकम सामाजिक क्षेत्रमा विनियोजन भएको छ ।** गत बर्ष योजना कार्यान्वयनमा नगरपालिकाले १२३ वटा योजनाहरु सञ्चालन गरेको र आन्तरिक स्रोततर्फका करीब ५ प्रतिशत योजना बाहेक अन्य सवै योजनाहरु आषाढ मसान्त भित्रै सम्पन्न भएका छन् । नियम अनुसार उपभोक्ता समिति गठन भई आयोजनाहरु कार्यान्वयन भएको अवस्था देखिन्छ । नगरस्तरीय अनुगमन समितिवाट पनि आयोजनाको गुणस्तरीय निर्माणको लागि आवस्यक पृष्ठपोषण दिने गरिएको छ ।

### ५.२.३ नगरपालिकाकाले समयमा सेवा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू

- सामाजिक सुरक्षा सम्वन्धि सुविधाहरुमा समयमा जानकारी नपाउदा केहि व्यक्तिहरु उक्त सुविधावाट वन्चित हुन परेको तर यो वर्षको लागि भने यो समष्या नरहेको ।
- फोहोर मैला व्यवस्थापनको लागि नगरपालिकाको साधनहरु घरघरमा जान नसकेको ।
- पन्जिकरण सम्वन्धि तथ्याङ्ग अध्यावधिक नभएको ।
- ग्रामिण क्षेत्रका वस्तिहरुमा योजनाहरुको प्राथमिकता कम भएको ।
- ग्रमिण क्षेत्रका वाटो तथा सार्वजनिक स्थलहरुमा खुल्ला दिसा गर्ने गरिएको ।
- सामाजिक क्षेत्रका विषयहरुले नगर विकास योजनमा प्राथमिकता नपाएको ।
- वर्षा मौषममा आयोजना कार्यान्वयन हुने

### ५.२.४ स्थानीय निकायको तर्फबाट पेश गरेको विवरण प्रतिको विश्वसनीयता

सिद्धार्थनगर नगरपालिकाले समय समयमा जन समक्ष पेश गरिएका विवरण एवं सूचनाहरु विश्वासनिय देखिन्छन । नगरपालिकाले सुशासनका लागि क्षतीपुर्ति सहितको नागरिक वडापत्र जारी गरी कार्यान्वयन गरिरहेको छ। वेवसाईट मार्फत वित्तिय, भौतिक तथा सेवा प्रवाह सम्वन्धी प्रगति विवरणहरु सार्वजनिकीकरण गरिरहेको छ । राय, सल्लाह र सुझावको लागि ***हेलो सिद्धार्थनगर*** नामबाट फेसवुक सञ्चालनमा ल्याएको छ । सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षण जस्ता क्रियाकलापले सुशासन कायम गर्नमा थप टेवा पुगेको छ । नगरपालिका बोर्ड बैठकका निर्णयहरु तथा अन्तिम लेखा परीक्षण प्रतिबेदनहरु वेवसाईट मार्फत सार्वजनिक गर्ने गरिएको छ । नियमित प्रगति समिक्षा बैठकको आयोजना पनि यस क्षेत्रका सकारात्मक प्रयासहरु हुन् । नगरपालिकाले आम्दानी खर्चको बिवरण मासिक, चौमासिक तथा बार्षिक रुपमा सार्वजनिक गर्दै आईरहेको छ । सामाजिक सुरक्षा भत्ता कार्यक्रम अन्तरगत ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्ग तथा दलित बालबालिकाहरुलाई बैक मार्फत बितरण गर्ने गरिएको छ । यस्तो भत्ता प्राप्त गर्ने व्यक्तिहरुको नाम नामेसी सार्वजनिक गर्ने व्यवस्था मिलाईएको छ। सूचनाको हक सम्बन्धी तालिम सञ्चालन पश्चात नगरपालिकामा सूचना माग गर्ने क्रम अत्यधिक रुपमा वृद्धि भएको छ। यस अनुरुप गत बर्षको पौष दखि आषाढसम्ममा २८ जना निवेदकहरुलाई निजको माग बमोजिमको सूचना उपलब्ध गराईएको छ । सूचनाको क्षेत्रमा उत्कृष्ठ कार्य गरेबापत यस नगरपालिकाका शाखा/सूचना अधिकृतले राष्ट्रिय स्थानीय अवार्ड २०७१ प्राप्त गर्न सफल भएका छन् ।नगरपालिकामा प्राप्त हुने उजुरी तथा डेलिगेशन टोलिका सुझाव र गुनासाहरुको नियमित रुपमा सुनुवाई गर्ने गरिएको छ । नगरपालिकाले सुनुवाई गर्नुपर्ने उजुरीहरुमध्ये मेलमिलाप केन्द्रबाट ४४ वटा उजुरीहरुमा दुबै पक्षबीच सहपमी कायम गराईएको छ भने अन्य निकायमा उजुरी परी माग भएका विवरण तथा कागजातहरु समयमै उपलब्ध गराईएको छ ।

### ५.२.५ वालवालिका, महिला, दलित, जनजाति ,गरिब, जेष्ठ नागरिक, तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारिता

गत आ.व. २०७१/७२ लागि तयार गरिएको नगर विकास योजनाले नीतिगत निर्णयहरु माथि उल्लेखित लक्षित वर्गहरुलाई प्राथमिकता दिने भनिएता पनि कार्यान्वयन तहमा यि क्षेत्रहरुले खासै प्राथमिकता नपाएको देखिन्छ । सामाजिक सुरक्षामा भने सेवाग्रहिको गुनासाहरु नआएको अवस्था छ । वाल मैत्रि सम्वन्धि २ दिने

तालिम सञ्चालन भएको छ । नगर सरसफाई र खुल्ला दिसामुक्त अभियान सम्वसन्धि केहि कामहरु भएका छन् । तर आ.व. २०७२/७३ लागि तयार गरिएको नगर विकास योजनाले भने लक्षित वर्गलाई प्राथमिकता दिएको छ ।

## ५.२.६ सामाजिक परिचालन  कृयाकलाप

नगरपालिकमा विभिन्न गैर सरकारी संघ संस्थाहरुले विभिन्न विषयमा काम गरेका छन् । न.पा. ले उक्त संस्थाहरुमध्ये सामाजिक परिचालनका लागि पलकेश नेपाल र एकिकृत शहरी विकास कार्यक्रमका लागि एन.आर.डि.सि. नामक संस्थासंग साझेदारीको रुपमा काम गर्दै आएको छन् । गैर सरकारी तथा सामुदायीक संस्थाहरुको कार्यक्रमको अनुगमन तथा समिक्षा गर्ने र कार्यक्रमहरुका विचमा समन्वय गर्ने गरिएको छ । अनुगमनको लागि ऐन, नियम तथा कार्यविधिले तोके अनुसार विषयगत कार्यालय तथा नगरस्तरीय सरोकारवालाहरुको प्रतिनिधित्व रहने गरेको छ । यस्ता समितिहरु तोकिएको जिम्मेवारी निर्वाहका लागि कृयाशिल रहेने गरेका छन् । यि समितिहरुवाट सम्वन्धित विषयमा समय समयमा अनुगमन समेत हुने गरेको छ । नगर सामाजिक परिचालन तथा समन्वय समितिबाट समेत सामाजिक परिचालन सम्वन्धि गतिविधिहरुको अनुगमन हुने गरेको छ ।

### वडा नागरिक मञ्च

वडा नागरिक मञ्च तथा नगरपालिकाको महत्वपुर्ण प्रयासको कारण लक्षित वर्गका क्षमता विकास कार्यक्रम, आयआर्जन तथा रोजगारमूलक कार्यक्रमहरु १३ वटै वडाहरुका लागि पारित भएका छन् । सामाजिक परिचालकहरुले वडा नागरिक मञ्चको सदस्य सचिवको रुपमा काम गर्दै आवश्यक सहजिकरण गर्दै आएका छन् । १३ जना सामाजिक परिचालकहरु तथा वडा नागरिक मञ्चका संयोजकहरुलाई योजना तर्जुमा प्रकृया तथा सार्वजनिक परिक्षण सम्बन्धी विषयमा LGCDP/LDTA/LGAF को समन्वयमा नगरपालिकावाट विभिन्न चरणमा तालिम प्रदान गरिएको छ । वडा नागरिक मञ्चवाट उपभोक्ता समिति गठन देखि आयोजना कार्यन्वयन र अनुगमनमा सहयोग प्राप्त हुने गरेको छ । नगरपालिकाबाट संचालित प्रत्येक आयोजनाको लागि अनुगमन समितिगठन हुने र यो समितिको बैठकमा वडा नागरिक मञ्चवाट १ जना पुरुष र १ जना महिलाको उपस्थिती रहने गरेको छ । आयोजना सम्पन्न पश्चात सार्जजनिक परिक्षण हुने गरेको र यसमा वडा नागरिक मञ्चका सदस्यहरुको उल्लेख्य उपस्थिती, सहयोग र सहजिकरण हुने गरेको छ । गत वर्ष सम्पन्न सवै १२३ आयोजनाको सार्वजनिक परिक्षण कार्य सम्पन्न गरिएको छ । वडा नागरिक मञ्चका सदस्यहरुको नगरपालिकाबाट संचालित सरसफाई कार्यक्रम, खुल्ला दिशामुक्त अभियान, चेतनामुलक अभियान, सामुदायिक मेलमिलाप, नागरिक सचेतना केन्द्रबाट संचालित जिविकोपार्जन कार्यक्रम आदीमा समेत सकृय संलग्नता रहने गरेको छ ।

### नागरिक सचेतना केन्द्र

यस नगरपालिकामा वि.स.२०६८ सालवाट सामाजिक परिचालन कार्यक्रम कार्यान्वनमा रहेको छ । जस अन्तरगत नगरका ६ वटा वडाहरुका अति विपन्न वस्तीहरुमा एक एक वटा नागरिक सचेतना केन्द्रहरु

संचालनमा आएका छन् । यि केन्द्रहरुको परिपक्वता मापन गर्दा सवै केन्द्रहरु परिपक्व स्थितीमा आई पुगेका छन् । सबै सचेतना केन्द्रका सदस्यहरुको योजना तर्जुमा प्रकृयामा अर्थपूर्ण सहभागिता रहने गरेको छ । नगर परिषद्वाट सचेतना केन्द्रकोलागि क्षमता विकास कार्यक्रम अन्तरगत बजेट विनियोजन गरिएको छ । ६ वटा सचेतना केन्द्रहरुमा घुम्तिकोष रकम रु एक लाख संचालनमा ल्याई १ वर्षको अवधिमा ५० जना सदस्यहरु लाभान्वित भएका छन् । घुम्ति कोषवाट लिएको रकम बाखा/ कुखुरा पालन, तरकारी खेती, ससानो व्यापारिक पसल आदीमा लगानि गर्ने गरिएको छ । यसैगरि केन्द्रका सदस्यहरुवाट खुल्ला दिसामुक्त वडा घोषणा, पुर्ण खोपयुक्त वडा घोषणा, पुर्ण साक्षर नगर जस्ता राष्ट्रिय कार्यक्रमहरुमा पूर्ण सकृयता रहने गरेको छ । गरिविको अन्तरनिहित कारण विश्लेषण कार्य (UCPA) सबै १३ वटै वडामा सम्पन्न भएको छ । सचेतना केन्द्र स्थापना हुन बांकी ७ वटा वडाहरुमा केन्द्र गठनका लागि अन्तिम चरणको गृहकार्य भएको छ ।

### ५.२.७ लक्षित बर्गको प्राथमिकता

स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ अनुसार लक्षित बर्गको लागि बजेट विनियोजन गर्ने गरिएको छ । यस्तो बजेटबाट अधिकाँशतः पूर्वाधार विकास सम्बन्धी योजना सञ्चालन भएका छन् । साथै विनियोजित बजेट अधिकाँश रुपमा खर्च भएको छ । यस वर्ष आ.व २०७२/०७३ को परिषद्वाट लक्षित वर्गको लागि तोकिएको पूंजीगत वजेटको ३५ प्रतिशत सुनिश्चित गरि आय आर्जन, क्षमता विकास, सिपमूलक कार्यक्रमहरु तथा सम्बन्धित वर्गका जनताले प्रतक्ष्य फाइदा पाउने पूर्वाधार विकासका योजनाहरुमा नागरीक वडा मञ्चको सिफारिस अनुसार विनियोजन गरिएको छ ।

### ५.२.८ क्षमता विकास

गत वर्ष देहाय वमोजिका विभिन्न क्षमता विकास सम्वन्धि तालिमहरु तथा अभिमुखिकरण कार्यक्रमहरु सञ्चालनमा आए ।

- उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाहरुमा नगर विकास प्रशिक्षण केन्द्रसंगको साझेदारीमा ४ दिने आयोजना निर्माण व्यवस्थापन तालिम सञ्चालन ।
- वडा मञ्चका सदस्यहरुलाई सार्वजनिक परिक्षण सम्वन्धी अभिमुखिकरण कार्यक्रम संचालन।
- वाल मैत्रि स्थानीय शासन सम्वन्धि २ दिने अभिमुखिकरण
- भुकम्प प्रतिरोध सम्वन्धि तालिम
- एकिकृत शहरि विकास कार्यक्रम सम्वन्धि विभिन्न किसिमका १० वटा तालिम तथा अभिमुखिकरणहरु

## ५.२.८ सेवा प्रवाह र सामाजिक सुरक्षा

## सेवा प्रवाह

सिद्धार्थनगर नगरपालिको सवै १३ वडाहरुका वडा समिति तथा नगरपालिका कार्यालयवाट दैनिक सेवा प्रवाह गर्ने गरेको छ । यी कार्यालयहरुवाट न.पा.को साधन र स्रोतको सिमामा रहेर कार्यसम्पादन हुँदै आएको छ ।

सेवा प्रवाहमा स्थानीय स्वायत्त शासन ऐन, नियमावलीले गरेका व्यवस्थालाई पूर्णतया पालना भएको छ । वडाहरुवाट भए गरेका कामहरुको मासिक रुपमा तथ्याङ्क सहित समिक्षा हुने गरेको छ । विगतको वर्षमा वडा कार्यालयहरुबाट खुल्ला दिसामुक्त अभियान, सरसफाई अभियान, खोप अभियान तथा पूर्ण साक्षरता जस्ता राष्ट्रिय अभियानहरुमा अधिकतम रुपमा जनपरिचालन गरि लक्ष्यहरु हासिल गर्न सहयोग प्रदान गरिएको छ ।

## सामाजिक सुरक्षा

नगरपालिकाको गत वर्षको सामाजिक सुरक्षाको प्रगति अवस्था निम्न वमोजिम रहेको देखिन्छ ।

**सामाजिक सुरक्षा भत्ता**

| विवरण | संख्या | लगत कट्टि | वितरित रकम (रु हजारमा) | गएको पेश्कि | फ्रिज रकम (रु हजारमा) |
|---|---|---|---|---|---|
| जेष्ठ नागरीक | १,४८५ | १३६ | ७५,४२.०० | | |
| जेष्ठ नागरीक उपचार खर्च | १२७७ | | २३,००.०० | | |
| एकल महिला | १२१६ | २५ | ६७,३२.०० | | |
| लोपोन्मुख | २३ | ० | २,७६.०० | | |
| अशक्त अपांङ | ३७ | ११ | १,६८.८० | | |
| बाल संरक्षण | १८ | ९ | २५.६० | | १७७७.६४ |
| **जम्मा** | **४०५६** | **१८१** | **१७०,४४.४** | | **१७,७७.६४** |

श्रोत: सिद्धार्थनगर नगरपालिका, २०७२

## ५.२.९ पारदर्शिता

सिद्धार्थनगर नगरपालिका भित्र टान्सपरेन्सी ईन्टरनेशनल नामक अन्तरराष्टिय गैर सरकारी संस्थाको आर्थिक सहयोगमा पारदर्शि नेपाल नामक गैर सरकारी संस्थाले सेवा प्रवाह र नागरिक उत्तरदायित्व सम्बन्धी बिषयमा नागरिक प्रतिवद्धता पत्र, वहिर्गमन मत सर्वेक्षण तथा अन्तरक्रिया जस्ता कार्यक्रम समय समयमा सञ्चालन गर्ने गरेको छ । २ वटा रेडियो तथा स्थानीय पत्र पत्रिका, नागरिक सरोकार समाज, मोर्निंग वाक ग्रुप जस्ता नागरिक समाजका संस्थाहरुले उत्तरदायित्व अनुगमन सम्बन्धी कार्यहरु गरिरहेका छन् । नगरपालिकाले ***हेलो सिद्धार्थनगर*** नामक फेसवुक, उजुरीपेटीका, सार्वजनिक सुनुवाई जस्ता माध्यमहरुबाट नागरिकहरुको सुझाव लिने र सो सुझावहरुको कार्यान्यन गर्ने गरेको छ । यस वाहेक नगरपालिकावाट मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदनहरु विभिन्न सञ्चारका माध्यमहरुवाट सार्वजनिक हुने, समिक्षा वैठक हुने, नगरस्तरीय र आयोजनागत रुपमा अनुगमन समिति वाट कार्यकम तथा आयोजनाको अनुगमन हुने, अनुगमनमा वडा नागरिक मञ्चहरुको कृयाशिलता रहेको, नागरिक वडा पत्रहरुको कार्यन्वयन भएको, सामाजिक जवाफदेहिता सम्वन्धि प्रकृयाहरुको परिपालना भएको, गुनासा सुनुवाईको व्यवस्था भएको आदि कारणहरुवाट नगरपालिकाको कृयाकलापहरु पारदर्शि छन् भन्न सकिन्छ ।

## ५.२.१० अनुगमन

नगरस्तरिय अनुमगन तथा सुपरीवेक्षण समितिबाट गत बर्ष जम्मा ५ पटक योजनाको स्थलगत अनुगमन गर्ने कार्य सम्पन्न भएको छ । सो समितिले प्रत्येक योजना सञ्चालन भएको स्थानमा पटक पटक पुगी राय सल्लाह सुझाव दिने गरेको छ । समितिको पदाधिकारीले दिएको सल्लाह सुझावलाई नगरपालिकाले अनुसरण गर्दै कार्यान्वयन गर्दै आएको छ । अयोजना कार्यान्वयनको समयमा अनुगमनको लागि एउटा आयोजनाको लागि सरदर ४ पटकसम्म प्राविधिक कर्मचारी खटिने गरेको छ । अनुगमनमा वडा नागरिक मञ्चको समेत क्रियाशिलता वढेको छ । रु ५ लाख भन्दा बढी लागतका आयोजनाहरुमा आयोजनास्थलमा सूचना पार्टी राख्ने गरिएको छ । सवै योजनाहरुको सार्वजनिक परीक्षण गर्ने गरिएको छ । नागरिक समाज  तथा पत्रकारहरुवाट समेत अनुगमन हुने र प्राप्त सत्य तत्य सुझावहरुको नगरपालिकाले ग्रहण र परिपालना गरेको देखिन्छ ।

## ५.२.१२  सामाजिक उत्तरदायित्व वहन

**सार्वजनिक सुनुवाई :**

गत बर्षमा नगरपालिकाबाट स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ बमोजिम प्रत्येक चौमासिकमा पर्ने गरी ३ पटक सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएको छ । वडा नागरिक मञ्चवाट लक्षित वर्गको कार्यकम तथा आयोजना छनौटमा सहजिकरण तथा अधिकारको वारेमा सुसुचित गरेको कारण ति वर्गका नागरिकहरुमा योजना प्रकृया तथा सार्वजनिक सेवा तथा नीति निर्माणको विषयमा चासो वढेको छ । यसबाट सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण जस्ता कार्यकममा सहभागी हुने र आफ्ना धारणा र विचारहरु निर्धक्क पूर्वक राख्ने कम वढ्दो रुपमा रहेको छ । गत वर्ष आयोजना भएका सार्वजनिक सुनुवाईमा लक्षित वर्गबाट  प्रश्नहरु सोधिएको थियो । त्यस्ता सुझाव र प्रश्नहरुको समाधानका लागि उपलब्ध साधन स्रोत र क्षमताले भ्याएसम्म सम्बोधन गर्ने गरेको छ । नगरपालिकावाट सम्वोधन हुन वांकि विषयहरुलाई सम्बन्धित निकायमा अनुरोध गर्ने गरिएको छ । हरेक सार्वजनिक सुनुवाईमा उठाइएका विषयहरुमा भएको प्रगतिलाई पछिल्लो सार्वजनिक सुनुवाईमा प्रस्तुत गर्ने गरिएको छ ।

गत वर्षको सार्वजनिक सुनुवाईको उपस्थिति

| सि.नं | समयावधी | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | पहिलो चौमासिक | १४९ | ९३ | २४३ |
| २ | दाश्रो चौमासिक | ६० | १५ | ८५ |
| ३ | तेश्रो चौमासिक | १४८ | ८५ | १९३ |

श्रोतः सिद्धार्थनगर नगरपालिका, २०७२

**सार्वजनिक परीक्षणः**

नगरपालिकाबाट संचालित सम्पूर्ण १२३ आयोजनाहरुको कार्य सम्पन्न भएपश्चात सार्वजनिक परिक्षण गर्ने गरिएको छ । सार्वजनिक परिक्षणमा उपभोक्ता समिति र आयोजनाको अनुगमन समितिका सदस्यहरु सहित अधिकतम आयोजना लाभग्राहिहरुको उपस्थिति रहने गरेको छ । यस्ता कार्यक्रमहरुमा वडा नागरिक मञ्चका सदस्यहरुको पनि उल्लेख्य उपस्थिती रहने गरेको छ ।

## सामाजिक परीक्षणः

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ को उपनियम (१) तथा स्थानीय निकाय सामाजिक परिक्षण कार्यबिधिले तोके बमोजिम आर्थिक बर्ष प्रारम्भ भएको प्रथम चौमासिक भित्र बर्षको एक पटक सामाजिक परीक्षण गर्ने गरिएको छ । न.पा र न.पा भित्रका सरकारी तथा गैर सरकारी निकायहरुवाट एक वर्षको अवधिमा भए गरेका सामाजिक जिम्मेवारी वहन सम्वन्धी स्वतन्त्र परामर्शकर्तावाट अध्ययन र परिक्षण गर्ने कार्य सम्पन्न भएको छ । सामाजिक परिक्षणवाट आएका सुझावहरुलाई नगरपालिका र सम्वन्धित निकायले पृष्ठपोषणको रुपमा लिई कार्यान्वयन गर्ने गरिएको छ ।

## नागरिक वडापत्र :

नगरपालिकाले २०५६ सालमा प्रथम पटक नागरिक वडापत्र जारी गरी बार्षिक रुपमा परिमार्जन गर्दै सोही बमोजिम कार्यान्वयन गर्दै आएको छ । २०७१ भाद्र देखि केही सेवा प्रबाहका क्षेत्रमा क्षतीपुर्ती  सहितको नागरिक वडापत्र जारी गरि कार्यान्वयन गरिएको छ । सवै १३ वटा वडामा नागरिक वडापत्र जारी गरी कार्यान्वयनमा ल्याईएको छ । ईलेक्ट्रोनिक नागरिक वडापत्र तथा टेलिफोनबाट **Audio Notice Board** समेत कार्यान्वयन गर्ने तयारीमा नगरपालिका रहेको छ ।

## नगरपालिकामा गुनासा सुनुवाई सम्बन्धी व्यवस्थाः

सुशासन सम्बन्धी ऐन, नियम र स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधी बमोजिम नगरपालिकाले गुनासो सुन्ने अधिकारी वरिष्ठ अधिकृत श्री विवेककुमार खनाललाई तोकेको छ ।  नगरपालिकाले नागरिकका गुनासो प्राप्त गर्न  सुझाव पेटीकाको प्रयोग गर्ने गरेको छ । नगरवासीले गुनासो पेटीका भन्दा टेलिफोनबाट अत्यधिक गुनासाहरु राख्ने गरेका छन् । यसरी आउने गुनासाहरमध्ये सवैभन्दा बढी फोहोरमैला व्यवस्थापन, सडक ग्राभेल तथा सडक वत्ति व्यबसथापन सम्बन्धमा आउने गरेको छ । सार्वजनिक सम्पत्तिको संरक्षण तथा डुवान सम्बन्धमा समेत गुनासाहरु आउने गरेको पाईएको छ । आएका गुनासाहरुलाई नगरपालिकाको साधन स्रोतले भ्याएसम्म कार्यान्वयन गर्दै आएको छ ।

## ५.२.११ पंजिकरण

सिद्धार्थ नगरपालिकाको विगतको वर्षको पंजिकरणको अवस्था तथ्याङ्कगत रुपमा यस प्रकार देखिन्छ ।

**पञ्जिकरण अभिलेख**

| विवरण | दर्ता संख्या |
|---|---|
| जन्म दर्ता | १५१६ |
| विवाह दर्ता | ६४१ |
| बसाई सराई दर्ता | २५५ |
| सम्बन्ध विच्छेद | ९ |
| मुत्यू दर्ता | ३४० |

## ५.३ नगरपालिको न्यूनतम शर्त तथा कार्य सम्पादन मापन विश्लेषण

नगरपालिको न्यूनतम शर्त तथा कार्य सम्पादन मापनमा प्रत्येक बर्ष अंक बढ्न गई उत्कृष्ठतातर्फ उन्मुख रहेको छ । नगरपालिकाले प्राप्त हुने अनुदानमा बढोत्तरी हुनुका साथै नगरपालिकाले सम्पादन गर्ने क्रियाकलापहरु थप व्यबस्थित हुदै गएका छन् । यसबाट नगरपालिकाले गरेका कार्यहरु प्रचलित ऐन, नियम, कार्यविधि तथा निर्देशिका बमोजिम रहेको समेत पुष्टि भएको छ । आ.ब. २०७०।७१ को मूल्यांकनमा नगरपालिकाले प्राप्त गरेको नतिजा तल यस प्रकार रहेको छ :

| कार्यसम्पादन मापन/क्षेत्र | सूचक संख्या | अधिकतम अंक | प्राप्तांक |
|---|---|---|---|
| १.स्थानीय शासन | ८ | २० | १७ |
| २.वित्तीय स्रोत परिचालन तथा व्यवस्थापन | ११ | २८ | २३ |
| ३.योजना तथा कार्यक्रम व्यवस्थापन | ८ | २० | १९ |
| ४.संगठन तथा जनशक्ति विकास | ५ | १ ० | ९ |
| ५.शहरी आधारभुत सेवा व्यवस्थापन | ८ | २२ | १६ |
| जम्मा | ४० | १०० | ८४ |

श्रोतः सिद्धार्थनगर नगरपालिका, २०७२

माथि उल्लेख गरिए अनुसार न्यूनतम शर्त तथा कार्य सम्पादनको मापनमा नगरपालिकाको छैठौं स्थान रहेको

हुदा नगरपालिकालाई १५ प्रतिशत थप अनुदान प्राप्त हुने भएको छ ।

## ५.४ गत वर्षको मुख्य मुख्य उपलब्धिहरू

- यस बर्ष नगरपालिकाले १२३ वटा योजनाहरु सञ्चालन गरेको छ । आन्तरिक स्रोततर्फका करीब ५ प्रतिशत योजना बाहेक  अन्य सवै योजनाहरु आषाढ मसान्त भित्रै सम्पन्न भएका छन् ।
- नगरपालिको न्यूनतम शर्त तथा कार्य सम्पादन मापनमा प्रत्येक बर्ष अंक बढ्न गई उत्कृष्ठतातर्फ उन्मुख रहेको छ । नगरपालिकाले प्राप्त हुने अनुदानमा बढोत्तरी हुनुका साथै नगरपालिकाले सम्पादन गर्ने क्रियाकलापहरु थप व्यबस्थित हुदै गएका छन् ।
- नगरपालिकाबाट ठूला आयोजनाहरु कार्यान्वयन गर्दा पूर्व सम्भाव्यता अध्ययन तथा विस्तृत सर्भे डिजाईन समेत गर्ने गरिएको छ ।
- उपभोक्ता समितीहरुलाई प्राथमिकता र लागत सहभागिता वढेको ।
- अतिक्रमित सार्वजनिक जग्गालाई अतिक्रमण हटाई सो स्थानमा पार्किंग तथा शहरी सेवा केन्द्र निर्माण गरि शहरी सुन्दरता र आय वृद्धि गर्न योजना संचालन ।
- PPP अवधारणा अन्तर्गत सभागृह र पार्कको संचालन र व्यवस्थापनमा निजी क्षेत्रको संलग्नता कायम गरि न.पा.को आय वृद्धि, खर्च कटौती र भौतिक संरचना विकासको साथै शहरी सुविधामा वृद्धि।
- प्रशासनिक खर्च कटौतीका लागि रिक्त रहेका दरबन्दी खारेज गर्ने नीतिगत व्यवस्था।
- फोहोर मैला व्यवस्थाका लागि बृहत नगर सरसफाई अभियान आयोजना गरि १० हजार नगरवासिहरुको सहभागिता ।
- रु. दश लाख माथिका सबै योजनाहरु e-bidding गरी पारदर्शी योजना संचालन गरिएको।
- नदी उकसको जग्गालाई न.पा.को नाममा लागत कायम गरी सार्वजनिक हितको निमित्त (खानेपानी) उपयोग गरिएको।

## सामाजिक उत्तरदायित्व पूरा गर्न स्थानीय निकायको वर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन प्राप्त सुझावहरू

विभिन्न चरणहरुका छलफल र प्राम्भिक प्रतिवेदनमा सरेकारवालाहरु र सहभागिहरुवाट आएका सुझावहरुको आधारमा नगरपालिकालाई निम्न वमोजिमको सुझाव दिईएको छ ।

**क.नीतिगत रुपमा**

- नगर आवधिक योजनाले निर्देशन गरेका विषयहरुलाई वार्षिक योजनामा प्राथमिकता दिनु पर्ने ।
- नगरपालिकाको नीति अनुसार बजेट तथा कार्यक्रम तय गर्नु पर्ने ।
- विगतको आ.व.२०७१/७२ को वार्षिक नगर विकास योजनाले सामाजिक क्षेत्र र लक्षित वर्गलाई प्राथमिकता नदिएता पनि आ.व.२०७२/७३ को नगर विकास योजनाले प्राथमिकत दिएको देखिन्छ । तसर्थ यसलाई निरन्तरता दिनु पर्ने देखिन्छ । साथै वजेट विनियोजनमा मा प्रवर्धनात्मक कृयाकलापहरु पनि राखिनु पर्ने ।

- वाल मैत्रि स्थानीय शासनलाई परिषद वाट अनुमोदन गराउनु पर्ने ।
- फोहोर मैला व्यवस्थापनमा सार्वजनिक निजी साझेदारीलाई प्राथमिकता दिनु पर्ने
- घर नम्वरिङ् कार्यलाई निती तथा कार्यक्रममा प्राथमिकता दिनु पर्ने ।
- वजेट तयारी गर्दा वाताावरण मैत्रि स्थानीय शासनका सुचकहरुलाई ध्यान दिनु पर्ने ।
- नगर यातायात गुरुयोजनाको कार्यन्वयन गर्नु पर्ने ।

**ख.कार्यान्वयन तहमा**

- नक्सा फांटमा ईन्जिनियर थप गर्नं पर्ने तथा नक्सा पास गर्ने काम छिटो छरितो गर्नुपर्ने,
- नगरपालिकाको कार्यालय समय भित्र प्राविधिक ईन्जिनीयरहरु बाहिर कामका लागि जाने परिपाटि बन्द गर्नु पर्ने ।
- सरसफाईको लागि नियमित रुपमा नगरभित्र जान थप गाडिको व्यवस्था गर्नु पर्ने ।
- नगर भित्र बिभिन्न ठाउमा बाल बगैचा तथा बालबालिकाहरुलाई खेल्नका लागि पार्कको व्यवस्था गर्नुपर्ने ।
- निरक्षरलाई सेवा दिदा विषेस ध्यान दिनु पर्ने ।
- हेल्प डेक्समा बस्ने कर्मचारीले नजानेका व्यक्तिको फारम भर्न सहयोग गर्नु पर्ने ।
- सार्वजनिक जग्गाको संरक्षण प्रति ध्यान दिन पर्ने ।
- सार्वजनिक सुनुवाईमा भएका प्रतिवद्धता कार्यान्वयनमा जोड दिुन पऱ्यो ।
- न.पा.बाट सञ्चालित योजनाहरुको अनुगमन प्रभावकारी बनाउनु पर्ने र कामको गुणस्तरमा ध्यान दिनुपर्ने ।
- सार्वजनिक जग्गाहरुमा वृक्षारोपण र वगैचाहरु निर्माण गर्नु पर्ने र तार वार गरि संरक्षण गर्नु पर्ने ।
- सार्वजनिक निर्माण कार्यमा लागत सहभागित वढाउनु पर्ने । साना निर्माणमा उपभोक्ता समितीलाई प्राथमिकता दिनु पर्ने ।
- न.पा.को अधिकांश क्षेत्रहरु ग्रामिण वस्ति भएको र मानविय विकासको अवस्था कमजोर छ । तसर्थ सामाजिक क्षेत्रमा न.पा.वाट धेरै प्राथमिकता दिनु पर्ने देखिन्छ ।
- प्लास्टिकको प्रयोगमा न्यूनिकरण गर्नु पर्ने । कालो प्लाष्टिकको प्रयोगमा पनि न्यूनिकरण गर्नु पर्ने । यसमा न.पा. वाट निरन्तर अनुगमन हुनु पर्ने ।
- मासुजन्य पसलहरुको नियमित अनुगमन गर्नु पर्ने ।
- पूर्ण खोप युक्त नगर घोषणा गर्ने कार्य तर्फ पहल गर्नु पर्ने ।
- नगरको पुस्तकालयलाई सूचना केन्द्रको रुपमा विकास गर्नु पर्ने । आवष्यक ईन्टर नेटको सुविधा प्रदान गरि आधुनिकरण गर्नु पर्ने
- वाल क्लवहरुको गठन गरि आउने योजना प्रकृया र खुल्ला दिसा मुक्त अभियानमा परिचालन गर्नु पर्ने
- सामाजिक शाखाको क्षमता विकास गर्नु पर्ने ।
- जेष्ठ नागरिकहरुको सम्मान कार्यक्रमलाई निरन्तरता हिनु पर्ने ।
- यूवा तथा वाल वालिकाको खेलकुदको लागि प्राथमिता दिनु पर्ने ।

- न.पा.ले गरेको विद्युतिय सुशासनको सेवा ग्राहि समक्ष प्रचार गर्नु पर्ने ।
- नगरको आवष्यकतामा आधारित क्षमता विकास योजना तयारी गरि लागु गर्न पर्ने
- राजश्व शाखालाई कम्प्यूटरकृत र आधुनिकरण गर्नु पर्ने ।
- सढक विद्युतको उचित व्यवस्थापन गर्नु पर्ने ।
- वडा सचिवहरुलाई पन्जिकरण एवं सामाजिक सुरक्षका विषयमा तालिम दिनु पर्ने ।
- योजना शाखामा सफ्टवेरको प्रयोग गरि तथ्यङ्कहरु अध्यावधिक गरि राखिनु पर्ने ।
- सामाजिक परिचालक, वडा नागरिक मञ्च र वडा सचिवहरुलाई सार्वजनिक परिक्षणको सहजिकरणमा सम्लग्न गराउनु पर्ने ।

## ग. संस्थागत समन्वय र साझेदारी

- एकिकृत शहरि विकास कार्यक्रम र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको विचमा कार्यगत एकता हुनु पर्ने ।
- नगर क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरुको अनुगमन गरि साझेदारीमा सामाजिक विकास कार्यक्रम गर्नु पर्ने ।
- सामाजिक उत्तरदायित्व  र विकासमा  निजि क्षेत्रलाई प्रोत्साहन र समिक्षा गर्नु पर्ने ।
- विषयगत कार्यालयहरु विच थप समन्वय र साझेदारीमा कार्यक्रमहरु कार्यान्वयन गर्दै लैजानु पर्ने ।

# अनुसूचिहरु

## क. उपस्थितिका लागि आमत्रण गरिएको पत्र

# ख.सामाजिक परिक्षणका केहि झलकहरु











# ग.सहभागिको उपस्थिति रेकर्ड

## ५.३.१ सामाजिक जवाफदेहिता सम्वन्धि नीतिगत विष्लेषण

### १ भौतिक पूर्वाधार विकास नीति

| नीतिगत निर्णय | कार्यान्वयनको अवस्था | | | प्रभाव |
|---|---|---|---|---|
| | सन्तोषजनक | ठिकै | न्युन | |
| १. नेपाल सरकार तथा एसियाली वैंकको अनुदान सहयोगमा यस नगरपालिकामा सञ्चालन हुने एकिकृत शहरी विकास परियोजना कार्यान्वयनका लागि नगरपालिकामा निर्माण गरिएको परियोजना कार्यान्वयन इकाईलाई प्रभावकारी एवम दक्षतापूर्वक सञ्चालन गरिने छ । | ✓ | | | एशियाली विकास बैंकको अनुदान तथा ऋण सहयोगमा यस नगरमा सञ्चालित एकिकृत शहरी बिकास आयोजनाको कार्यान्वयन शुरु भएको छ । करीव ७९ करोडमा सतह ढल तथा सडक कालोपत्रे र मर्मत हुने छ भने अत्याधुनिक सेनेटरी ल्याण्ड फिल्ड साईट निर्माणको क्रममा छ । यसबाट यो नगरको बिकासमा थप टेवा पुग्ने देखिएको छ ।<br>वार्षिक कार्यतालिका अनुसार कार्य सम्पन्न भएको,आ.व.२०७१/०७२ को अन्तिमसम्म ३२ प्रतिशत हुनु पर्नेमा २९ प्रतिशतको लक्ष हासिल भएको छ ।<br>**भौतिक पुर्वाधार तर्फ**<br>मुलभुत रुपमा सढक (१० कि.मि.) र नाला निर्माण(५० कि.मि.) निर्माण सम्पन्न , फोहोरमैला व्यवस्थापनको पुन टेण्डरिङ कार्य भईरहेको<br>**सामाजिक क्षेत्र तर्फ** :विभिन्न तालिमहरु प्रदान गरिएको जस्तो : २५ जनालाई हाउस वाईरिङ , ४८ जनालाई लाईफ विकल सम्वन्धि तालिम , १९ जनालाई पलम्विङ्, २५ जना लाई कम्प्यूटर हार्डवायर तालिम, एफ एम र टि.भि. वाट सूचना सम्प्रेशण सम्वन्धि तालिम, होडिङ वोर्ड र भित्ते लेखन सम्वन्धि तालिम, २ सरकारी विद्यालयका शिक्षकहरुलाई विद्यार्थीको सरसफाई र हात धुने सम्वन्धि तालिम, ६ वटा सरकारी विद्यालय हिज्जे प्रतियोगिता आयोजना ,१३ वटै वडाहरुमा रहेका सरसफाई समितिहरुलाई  कम्पोष्टिङ तालिम, २ |

| नीतिगत निर्णय | कार्यान्वयनको अवस्था | | | प्रभाव |
|---|---|---|---|---|
| | सन्तोषजनक | ठिकै | न्युन | |
| | | | | वटा गरिव क्लस्टरलाई केन्द्रित गरि किचन सम्वन्धि तालिम,टि.एल.ओ सदष्यहरुलाइ एकाउन्ट किपिङ तालिम |
| २. नगरपालिका क्षेत्रभित्र जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने व्यक्ति तथा संस्थाहरुलाई नगरपालिकाको जग्गा विकास गुरु योजना (प्लटिंङ) मा भएको प्रावधान पूर्ण रुपमा पालना गर्ने व्यवस्था गरिने छ। | | | ✓ | शुरुवात नभएको |
| ३. नगरको कृषि क्षेत्र देखि बाहेक मुख्य वस्तीहरुमा नाला निर्माण भई सकेका सडकहरुमा मात्र पिच सडक निर्माण गर्न प्राथमिकता दिईने छ। | ✓ | | | अवलम्वन गरिएको |
| ४. नगरपालिकाबाट सञ्चालन हुने विकास निर्माणका कामहरुको गुणस्तर कायम गर्न अनुगमन, सुपरिवेक्षण र मूल्यांकन कार्य व्यवस्थित रुपमा गरिने छ, साथै योजनागत सार्वजनिक परीक्षणलाई प्रभावकारी, व्यवस्थित र नियमित गरिने छ। | | ✓ | | भईरहेको |
| ५. न.पा.बाट सञ्चालन हुने पूर्वाधार विकाससम्बन्धी योजनाहरुमा अधिकतम जनसहभागिता परिचालन गरी त्यस्ता योजनाहरुमा जनस्वामित्व प्रवर्द्धन गर्ने नीति लिईने छ। | | ✓ | | ठूला आयोजनमा ६०/४० प्रतिशत को र न.पा.को आन्तरिक आयवाट कार्यन्वयन हुने आयोजनामा ८०/२० प्रतिशत को लागत जन सहभागिता कायम गरिएको |

| नीतिगत निर्णय | कार्यान्वयनको अवस्था | | | प्रभाव |
|---|---|---|---|---|
| | सन्तोषजनक | ठिकै | न्युन | |
| ६. न्यूनतम ५ लाख भन्दा बढी लागतका भौतिक पूर्वाधार सम्बन्धी योजनाहरुको लगत इष्टिमेट तयार गर्दा नै कूल लागतको ३ प्रतिशतका दरले रकम छुट्याई मर्मत सम्भार कोषमा जम्मा गर्ने व्यवश्था यसै आर्थिक वर्ष देखि कार्यान्वयनमा ल्याइने छ । | | ✓ | | सढक वोर्डवाट कार्यान्वयन भएका ३ ठूला आयोजनामा न.पा.को तर्फको ३० प्रतिशत मर्मत सम्भार कोषमा राखि कार्यान्वयन गरिएको |
| ७. स्थानीयस्तरमा सञ्चालन हुने योजनाहरुको लागि गठन हुने उपभोक्ता समिति सञ्चालन सम्बन्धमा मन्त्रालयबाट प्राप्त भएको निर्देशन पूर्ण रुपमा पालना गरिने छ । | ✓ | | | पूर्ण रुपमा पालना गरिएको |
| ८. न.पा. क्षेत्र भित्र गरिने भौतिक पूर्वाधार विकास निर्माण कार्यमा ठेक्का पट्टा कार्यलाई पारदर्शि, प्रतिस्पर्धात्मक र समान अवसर श्रृजना गर्न ५० पचास लाख भन्दा बढी लागत भएको योजनाको कार्यान्वयन भ दष्मिमष्लन मार्फत कार्य गर्ने नीति लिईन छ । | ✓ | | | पूर्ण रुपमा कार्यान्वयन भएको, १० लाख भन्दा पनि तलको वजेटमा समेत ई विडिङ गर्ने गरिएको |
| ९. न.पा.को राजस्व संकलन र अन्य विषयगत क्षेत्रलाई व्यवस्थित गर्न न.पा.मा Geographical System लाई संचालनमा ल्याउने नीति लिईने छ । | | | ✓ | नभएको |

| नीतिगत निर्णय | कार्यान्वयनको अवस्था | | | प्रभाव |
|---|---|---|---|---|
| | सन्तोषजनक | ठिकै | न्युन | |
| १०. नगरमा रहेको ढल निकासको समस्यालाई दीर्घकालिन रुपमा नै समाधान गर्न आवस्यक कार्यक्रम निर्माण गरी सञ्चालन गरिने छ। | ✓ | | | एकिकृत शहरि विकास आयोजना मार्फत सधन रुपमा सञ्चालन गरिएको |
| ११. नगरको सवै वडाहरुमा सडक तथा नालाहरु अतिकमण गरी निर्माण भएका संरचनालाई हटाउने कार्यलाई निरन्तरता दिईने छ। | | ✓ | | खास गरि जगेडा कोषवाट सञ्चालन भएका सडक निर्माण आयोजनामा यो कार्य भई रहेको |
| घर नक्शा पास सम्वन्धि नीति | | | | |
| १. नेपाल सरकारबाट जारी भएको भवन आचारसंहिता ९द्यगषमिष्लन ऋयमभ० पूर्ण रुपमा कार्यान्वयन | | ✓ | | कमशः कार्यान्वयन भई रहेको |
| स्थानीय स्तरमा दक्ष जनशक्ति (डकर्मि तालिम) निर्माण गर्दै लगिने छ। | | ✓ | | ५६ जना लाई सो सम्वन्धि तालिम सञ्चालन गर्नुका साथै न.पा.का प्राविधिक शाखाका कर्मचारिहरु/निर्माण व्यवसायिहरुलाई भुकम्प प्रतिरोधि संरचना निर्माण सम्वन्धि तालिम प्रदान गरिएको |
| २. घर निर्माणको स्वीकृती दिंदा भवन निर्माण मापदण्ड तथा सडकको मापदण्डलाई पूर्ण रुपमा पालना गर्ने गराउने कार्यलाई निरन्तरता दिईने छ। | | ✓ | | सो विषयलाई निरन्तरता दिईएको |
| ३. यस पूर्व शुरु भएको घर नम्बरिंग कार्यलाई निरन्तरता दिंदै आगामी बर्षमा वडा | | | ✓ | उल्लेखित क्षेत्रमा घर नम्बरिङ्ग गर्ने कार्यको हाल सम्म शुरुवात नभएको |

| नीतिगत निर्णय | कार्यान्वयनको अवस्था | | | प्रभाव |
|---|---|---|---|---|
| | सन्तोषजनक | ठिकै | न्युन | |
| नं. ७ र वडा नं. १२ को बसन्त पथ, वडा नं. ५ र वडा नं. १३ को हाटबजार पथ, वडा नं. ७ र वडा नं. १२, वडा नं. ८ को वी .पी पथदेखि जनक पथसम्मका क्षेत्रहरुमा घर नम्बरिङ्ग गरिने छ। | | | | |
| ४. घर निर्माणको स्वीकृति दिँदा यस पूर्वको एक घर दुई रुख लगाउने नीतिलाई निरन्तरता दिंदै यसलाई पूर्ण रुपमा पालना गराइने छ। | | | ✓ | पालना नभएको |

## २ सामाजिक विकास नीति

| नीतिगत निर्णय | कार्यान्वयनको अवस्था | | | प्रभाव |
|---|---|---|---|---|
| | सन्तोषजनक | ठिकै | न्युन | |
| (क) महिला शसक्तिकरण नीति | | | | |
| १. महिला तथा एकल महिलाको श-शक्तिकरणका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्न छुट्टै वजेटको व्यवस्था गरी सरोकारवाला सँस्थाहरुको सहकार्यमा क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ। | | | ✓ | उल्लेखित क्षमता विकास कार्यक्रमहरु सञ्चालन नभएको |

| नीतिगत निर्णय | कार्यान्वयनको अवस्था | | | प्रभाव |
|---|---|---|---|---|
| | सन्तोषजनक | ठिकै | न्युन | |
| २. नगरपालिकाबाट सञ्चालित महिला हस्तकला केन्द्रबाट प्रदान गरिने सीप विकास सम्बन्धी तालिमलाई बढी व्यवहारिक र आय आर्जन मूलक बनाउने नीति लिइने छ। | | | ✓ | गत वर्ष प्राथमिकतामा नपरेको |
| ३. महिला हक सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ। | | | ✓ | गत वर्ष प्राथमिकतामा नपरेको |
| ४. महिलाहरुको लागि लोकसेवा तयारी कक्षा सञ्चालन गरिने छ। तयारी कक्षा सञ्चालन गर्दा आर्थिक र सामाथिक रुपले पछाडी परेका जातजातिका महिलाहरुको सहभागिता हुने व्यवश्था गरिने छ। | | | ✓ | गत वर्ष प्राथमिकतामा नपरेको |
| ५. नगरपालिका क्षेत्रमा सञ्चालित महिला साक्षरता कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ। | | | ✓ | गत वर्ष प्राथमिकतामा नपरेको |
| (ख) वातावरण तथा सरसफाई सम्वन्धि नीति | | | | |
| १. वातावरण तथा सरसफाई संग सम्बन्धित नगरपालिका क्षेत्र भित्र गठित महिला समूहहरुको क्षमता विकासको | | ✓ | | महिला समूहलाई केन्द्रित गरि अभिमुखिकरण कार्यक्रम सञ्चालन नगरिएको। महिला समूहरु वडा स्तरीय सरसफाई समितीमा रहेर खुल्ला दिसा मुक्त अभियान र वडा को |

| नीतिगत निर्णय | कार्यान्वयनको अवस्था | | | प्रभाव |
|---|---|---|---|---|
| | सन्तोषजनक | ठिकै | न्युन | |
| लागि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने छ। | | | | सरसफाई अभियानमा काम गरिरहेका, क्षम्ए वाट केहि कार्यक्रम भएको |
| २. विभिन्न वडाहरुमा गठित फोहोरमैला समूहका सदस्यहरु मार्फत बृक्षारोपण तथा फोहोरमैला न्युनिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ। | | ✓ | | गत वर्ष यो विषयमा खासै काम हुन नसकेको, क्षम्ए वाट केहि कार्यक्रम भएको |
| ३. नगर क्षेत्र भित्रका सडकका दायाँ बायाँ तथा खाली जग्गा पहिचान गरी सो क्षेत्रमा स्थानीय समुदाय र संस्थाहरुको सहकार्यमा बृक्षारोपण कार्यक्रम सञ्चालन गरिने छ। | | | ✓ | गत वर्ष यो विषयमा खासै काम हुन नसकेका |
| ४. नगरपालिका क्षेत्रभित्र प्लाष्टिक प्रयोग (कालो प्लाष्टिक) न्युनिकरणका लागि विद्यालय स्तरीय कार्यक्रम सञ्चालन गरिने छ। | | ✓ | | गत वर्ष यो विषयमा खासै काम हुन नसकेका, तर न.पा.ले कालो प्लाष्टिक कम गर्ने निती लिएको भएता पनि यसको प्रयोग दर वढिरहेको |
| ५. प्लाष्टिकको झोला प्रयोग सम्बन्धी नेपाल सरकारले अख्तियार गरेको नीतिलाई कडाईका साथ अवलम्बन गरिने छ। | | ✓ | | न.पा.ले प्लाष्टिक कम गर्ने निती लिएको, वडाईको साथ अवलम्वन नगरेको |
| ६. नगरपालिका क्षेत्रमा फोहोर मैला व्यवस्थापन सम्वन्धि कार्य गर्दा साझेदार | | ✓ | | साझेदार सँस्थाहरुको सहकार्यमा गर्ने नीति अख्तियार गरिको भएता पनि कार्यान्वयन नगरेको। |

| नीतिगत निर्णय | कार्यान्वयनको अवस्था | | | प्रभाव |
|---|---|---|---|---|
| | सन्तोषजनक | ठिकै | न्युन | |
| सँस्थाहरुको सहकार्यमा गर्ने नीति अख्तियार गरिने छ। | | | | |
| ७.वातावरण संरक्षण कार्यक्रम प्राथमिकतामा राखी प्रत्येक नगरवासीको घरमा २ रुख लागाउने कार्यक्रमलाई अनिवार्य रुपमा सञ्चालन गरिने छ। | | ✓ | | कडाईको साथमा सञ्चालनमा नआएको |
| ८. सिद्धार्थनगर वसपार्कलाई व्यवस्थित र वातावरण मैत्री वनाउन यसै आर्थिक वर्षमा सुधारका लागि आवश्यक कार्य गरिने छ। | | | ✓ | न.पा.को प्राथमिकतामा परेता पनि उल्लेखेनिय कार्य नभएको |
| ९. फोहोरलाई श्रोतमानै न्युनीकरण गर्न समुदायस्तरमा स्थानीय सँघसँस्थाहरु मार्फत सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिने छ। | | ✓ | | यस सम्वन्धमा एकिकृत शहरि विकास कार्यक्रम वाट ५ वटा गरिव वस्ति पहिचाहन गरिएका क्लस्टरहरुमा विन डेमोस्ट्रेसन र तालिम दिएको |
| १०. फोहोर मैला व्यवस्थापन कार्यलाई प्रभावकारी र नियमित गर्न नगरपालिकामा रहेको जनसाधन र अन्य साधनलाई समुदायको आवस्यकता अनुरुप परिचालन गरिने नीति लिईने छ। | | ✓ | | न.पा.को सिमित श्रोत साधनको कारण समुदायको फोहोर मैला व्यवस्थापनको माग र आवष्यकता अनुसार उचित सम्वोधन हुन नसकेको |
| ११. नगरपालिका क्षेत्र भित्रको पार्कहरु स्थानीय संघ संस्थाहरुको सहकार्यमा | | ✓ | | कार्यान्वयन भएको |

| नीतिगत निर्णय | कार्यान्वयनको अवस्था | | | प्रभाव |
|---|---|---|---|---|
| | सन्तोषजनक | ठिकै | न्युन | |
| सार्वजनिक नीजि साझेदारी अवधारणा अन्तरगत सञ्चालन र संरक्षण गरिने छ । | | | | |
| (ग) जनस्वास्थ्य व्यवस्थापन सम्वन्धि नीति | | | | |
| १. वडा नं. ९ र १० मा सञ्चालनमा आएको शहरी स्वास्थ्य केन्द्रलाई व्यवस्थित रुपमा सञ्चालन गरिने छ र, आवश्यकता अनुसार अन्य वडाहरुमा पनि शहरी स्वास्थ्य केन्द्र स्थापना गर्ने नीति लिइने छ । | | | ✓ | नियमित रुपमा चलिरहेको अवस्था रहेको र खासै सेवा प्रवाहमा सुधार नआएको, ओषधिहरुको अभाव रहेको, अन्य वडाहरुमा उक्त केन्द्रहरु स्थापन नभएका |
| २. नगर क्षेत्र भित्रका महिला स्वयम् सेविकाहरुलाई प्रोत्साहन गर्न अवलोकन भ्रमणमा पठाईने छ । | | | ✓ | गत वर्ष यो कार्य नभएको |
| ३. नगरपालिका क्षेत्रभित्र कार्यरत सम्बद्ध संस्थाहरुसंगको सहकार्यमा निःशुल्क स्वास्थ्य शिविर (आँखा, दाँत तथा साधारण स्वास्थ्य परीक्षण) कार्यक्रम सञ्चालन गरिने छ । | | | ✓ | न.पा. संग सहकार्य गरेर संघ संस्थाहरुका कार्यक्रमहरु सञ्चालन नभएका, उल्लेखित विषयमा संस्थागत समन्वय भएको नदेखिएको |
| ४. नगरपालिकाबाट पहिचान भएका विपन्न वस्तीहरुमा सामुदायिक स्वास्थ्य सम्बन्धी चेतनामूलक कार्यक्रम साझेदार | | ✓ | | नगन्य कार्यक्रमहरु एकिकृत शहरि विकास कार्यक्रम मार्फत सञ्चालन भएका, सेवा प्रदायक संस्था पलकेश नेपाल वाट पनि |

| नीतिगत निर्णय | कार्यान्वयनको अवस्था | | | प्रभाव |
|---|---|---|---|---|
| | सन्तोषजनक | ठिकै | न्युन | |
| संस्थाहरुको सहकार्यमा सञ्चालन गरिने छ । | | | | सामाजिक परिचालकहरु मार्फत शुरुवात भएको |
| ५. खुला दिशा मुक्त क्षेत्र घोषणा तयारीको लागि वडा पहिचान गरि चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । | ✓ | | | अभियान सञ्चालनमा रहेको, गत वर्ष ३ वडाहरु ५,९,१२ खुल्ला दिसा मुक्त वडा घोषणा भएका र अन्य वडाहरुको लागि पनि अभियान सञ्चालन गरेको, वडा स्तरीय सरसफाई समितिहरु सकृय रहेका, तथ्याङ्कहरु अध्यावधिक हुने कार्य भई रहेको, अनुगमन गर्ने कार्य भई रहेको, संस्थागत समन्वय भइरहेको । यो कार्यकम विशेष प्राथमिकतामा परेको |
| ६. शहरी स्वास्थ्य केन्द्रबाट प्रवाह गरिने स्वास्थ्य सेवालाई वढी समुदायमुखी वनाईने छ । | | | ✓ | सार्वजनिक एव. सरकारी स्तरवाट प्रदान गरिने यस्ता सेवाहरुको गुणस्तरमा खासै सुधार नआएको, यस वाट गरिव एवं विपन्न परिवारहरु मर्कामा पर्ने गरेको |
| ७. सि.न. पा. लाई पूर्ण खोप घोषणाका लागी सम्बन्धित निकायको सहयोग र समन्वयमा पूर्व तयारी कार्यक्रमहरु सञ्चालन गरिने छ । | | | ✓ | यस सम्वन्धि अभियान नचलेको |
| ८. सिद्धार्थनगरलाई वि.स. २०७१ आषाढ मसान्त सम्म खुल्ला दिषामुक्त नगर घोषणा गर्ने लक्ष्य हासिल गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिने छ । | | | ✓ | प्राथकिताको साथमा यो अभियानलाई न.पा.वाट सञ्चालन भएको, हाल सम्ममा ४ वडाहरु घोषणा भई सकेका छन् । |
| (घ) गरिबी न्युनीकरणसम्वन्धि नीति | | | | |
| १.स्थानीय स्वायत्त शासन तथा | | | | गरिबी न्यूनीकरण सम्बन्धि कार्यक्रम सञ्चालनमा रहेको । |

| नीतिगत निर्णय | कार्यान्वयनको अवस्था | | | प्रभाव |
|---|---|---|---|---|
| | सन्तोषजनक | ठिकै | न्युन | |
| सामुदायीक विकास कार्यक्रम-LGCDP-2_ अन्तरगत केन्द्रबाट प्राप्त भएको बजेटबाट समुदाय परिचालन मार्फत देहायका गरिबी न्यूनीकरण सम्बन्धि कार्यक्रम सञ्चालन गरिने छ। | | | | |
| (क) समुदाय परिचालनको माध्यमबाट आर्थिक र सामाजिक दृष्टिले पछाडी परेका र पछाडी पारिएका समुदायहरुमा गरिवी न्यूनीकरण गर्न आयआर्जनमुलक सीप तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ। | ✓ | | | ६ वटा नागरिक सचेतना केन्द्रहरुमा साना पुर्वाधार आयोजनाहरु कार्यान्वयनमा आएका। यस मध्ये २, ४,९,१० र ११ वडाहरुमा वोरिङ् सिचाई आयोजना सम्पन्न गरिएको र वडा नं ३ मा सचेतना केन्द्रका सदष्यहरुलाई सिलाई सम्वन्धि तालिम सञ्चालन गरिएको। यस्तै ति सचेतना केन्द्रहरुमा प्रत्येकमा एक लाख रुपियांको घुम्तिकोषवाट आय आर्जनका कामहरु भई सदष्यले मनग्य आय आर्जन गरेका।<br>यसैगरि एकिकृत शहरि विकास कार्यक्मवाट पनि माथि उल्लेख गरिए जस्तै छनौट भएका २० गरिव वस्तिहरुमा आय आर्जनका सिप एवं क्षमाता विकास सम्वन्धि गतिविधिहरु सञ्चालन गर्ने कार्यको शुरुवात गरेको। |
| (ख) नगरपालिकाले छनौट गरेका गरीब वस्तीहरुमा गरिबी न्युनीकरण कार्यक्रम अन्तर्गत भौतिक पूर्वाधार, आयआर्जन र क्षमता विकासको कार्यक्रम सञ्चालन गरिने छ। | ✓ | | | एल. जि. सि. डि. पि. र आई. यू. डि. पि. मार्फत उल्लेखित कार्य हुदै आईरहेको अवस्था। |
| (ग) नगरपालिकाले गरेको गरिबी | ✓ | | | कार्यान्वयन हुदै गरेको। |

| नीतिगत निर्णय | कार्यान्वयनको अवस्था | | | प्रभाव |
|---|---|---|---|---|
| | सन्तोषजनक | ठिकै | न्युन | |
| नक्शांकनबाट पहिचान भएका विपन्न वस्तीहरुमा गरिबी न्युनीकरण गर्न आय आर्जनका कार्यक्रमहरु समुदायको माँगको आधारमा सञ्चालन गरिने छ। | | | | |
| (ड.) बाल विकास सम्वन्धि नीति | | | | |
| १. बाल विकास कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न वडा तथा विद्यालयहरुमा बाल क्लब गठन गरी चेतनामूलक (बाल अधिकार) कार्यक्रम सञ्चालन गरिने छ। | | ✓ | | नगरका ७० वाल वालिकाहरुलाई वाल मैत्रि स्थानीय शासन सम्वन्धि अभिमुखिकरण सम्मन्न गरिएको। |
| २. नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा अध्ययनरत अपांङ्ग बालबालिका विद्यार्थीहरुलाई १ जोर स्कूल पोशाक विद्यालयबाट प्राप्त अभिलेखका आधारमा उपलब्ध गराईने छ। | | | ✓ | कार्यान्वयन नभएको |
| ३. नगरपालिका क्षेत्रमा बालश्रम नियन्त्रण गर्न सम्वद्ध सँघसँस्थाहरुको सहकार्यमा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ। | | | ✓ | खासै उल्लेखेनिय कार्य नभएको। |
| ४. सडक बाल बालिका र बाल श्रममा | | | ✓ | खासै उल्लेखेनिय कार्य नभएको। |

| नीतिगत निर्णय | कार्यान्वयनको अवस्था | | | प्रभाव |
|---|---|---|---|---|
| | सन्तोषजनक | ठिकै | न्युन | |
| लागेका बाल बालिकाहरुको पहिचान गरी निजहरुको पुनस्थापनाको लागी चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । | | | | |
| (च) समुदाय विकास तथा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनसम्वन्धि नीति | | | | |
| १. समुदाय परिचालन प्रकृयालाई प्रभावकारी र व्यवस्थित रुपमा सञ्चालन गर्न नगरपालिका कार्यालयमा रहेको सामाजिक विकास शाखालाई व्यवस्थित गरिने छ । | | ✓ | | सामाजिक विकास शाखालाई व्यवस्थित गरि केहि जिम्मेवारी समेत हेरफेर गरिएको । |
| २. नगरपालिका क्षेत्रभित्र ६ वटा वडाहरुमा सञ्चालित समुदाय परिचालन कार्यक्रम अन्तरगत गठित वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रलाई संस्थागत गर्न क्षमता विकास कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिने छ । | ✓ | | | ६ सचेतना केन्द्रमा हप्ताको १ पटक विभिन्न विषयमा केन्द्रका सदष्यहरुलाई रुपान्तरणीय कक्षाहरु सञ्चालन भई रहेको , पुराना वडा नागरिक मञ्चहरु क्रमश: २, ३,४,९, १० र ११ मा मञ्चको पुनर गठन गरिएको र वांकी वडाहरुमा वडा नागरिक मञ्चको गठन गरि यहि संरचना मार्फत गत वर्षको योजना प्रकृया सम्पन्न भएको । ८० प्रतिशत भन्दा धेरै आयोजना तथा कार्यक्रम यसै मार्फत आएका ।<br>आयोजना कार्यान्वयन र सार्वजनकि परिक्षण सम्वन्धि विषयमा सदष्यहरुलाई २ पटक सम्म न.पा. वाट तालिम प्रदान गरिनुका साथै न. पा र वडा स्तरीय विभिन्न छलाफलहरुमा मञ्चका |

| नीतिगत निर्णय | कार्यान्वयनको अवस्था | | | प्रभाव |
|---|---|---|---|---|
| | सन्तोषजनक | ठिकै | न्युन | |
| | | | | सदष्यहरुको सहभागिता रहेको । |
| ३. समुदायस्तरमा वातावरण तथा फोहोरमैला व्यवस्थापनसम्वन्धि कार्यक्रमहरु समुदाय मार्फत सञ्चालन गरिने छ । | | | | यि कार्यहरुमा न.पा.को प्राथमिकता रहेको । वडा स्तरीय सरसफाई समितिहरु पनि सकृय रहेका । |
| ४. नगर क्षेत्रका एक एक जना पुरुष तथा महिला जेष्ठ नागरिकहरुलाई प्रत्येक आर्थिक वर्ष सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ । | | | ✓ | सम्मान गर्ने कार्यक्रमले निरन्तरता नपाएको । |
| ५. नगरपालिकाबाट सञ्चालन गरिने मुलतः सीप तथा क्षमता विकास कार्यक्रमलाई पुर्णतः समावेशी वनाई सो कार्यक्रमहरु सम्वन्धित क्षेत्रमा कार्यरत सरकारी तथा गैह्र सरकारी निकाय, संघ सँस्थाहरुको सहकार्यमा गर्ने नीति लिईने छ । | | ✓ | | गत वर्ष अवलम्वन गरिएको नीति अनुसार कार्य नभएको । तर आ.व. २०७२/०७३ को नगर विकास योजनाले भने प्राथमिकत पाएको देखिन्छ । |
| ६. नगरपालिका भित्र विभिन्न प्रयोजनका लागि निर्माण भएका सामुदायिक सँस्थाहरुको सँस्थागत विकासका लागि सम्वन्धित सँस्थासँगको सहकार्यमा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने नीति | | | ✓ | उल्लेखित नीति खासै कार्यान्वयन भएको देखिदैन । |

| नीतिगत निर्णय | कार्यान्वयनको अवस्था | | | प्रभाव |
|---|---|---|---|---|
| | सन्तोषजनक | ठिकै | न्युन | |
| लिईने छ । | | | | |
| (छ) समावेशी विकास नीति | | | | |
| १. नगरपालिकाबाट तर्जुमा गरिने सामाजिक तथा पूर्वाधार विकासका योजना तथा कार्यक्रमलाई समुदायमुखी एवम समाववेशी वनाउने नीति लिईने छ । | | ✓ | | कार्यान्वयन हुदै गरेको अवस्था देखिन्छ । गत वर्षको विकास योजनामा भने लक्षित वर्गको वजेट विनियोजन प्रकृया मुखि मात्र देखिन्छ । लक्षित वर्ग महिलाको लागि १० प्रतिशत, वाल वलिकाको लागि १० र अन्य लक्षित आदिवासि, दलित, जनजाति, वृद्ध, अपाङ्ग आदिको लागि १५ प्रतिशतले वजेट विनियोजन गरि विषयगत रुपले आवष्यकाता र माग अनुसार कार्यान्वयन हुनु पर्ने मा ९५ प्रतिशत भन्दा वढि आयोजना सडक र नालीमा विनियोजन भई कार्यान्वयन भएको अवस्था रहेको देखिन्छ ।<br><br>तर यो आर्थिक वर्षको लागि भने लक्षित वर्गको लागि ३५ प्रतिशतको वजेट विनियोजन श्रोत परिचालन र व्यवस्थापन कार्यविधि २०६९ ले निर्देशन गरे अनुसार देखिन्छ । |
| २. महिला ,दलित , आदिवासी जनजाति, बालबालिका, अशक्त अपांग, एकल महिला, असहायको उत्थान एवम सशक्तिकरणका लागि नगरपालिकामा सो क्षेत्रमा कार्यरत संघसँस्थाहरुको सहकार्यमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ । | | ✓ | | नगन्य मात्रामा भएको अवस्था विद्यमान । |
| (ज) शिक्षा, सँस्कृति,कला तथा | | | | |

| नीतिगत निर्णय | कार्यान्वयनको अवस्था | | | प्रभाव |
|---|---|---|---|---|
| | सन्तोषजनक | ठिकै | न्युन | |
| खेलकुद विकास सम्वन्धि नीति | | | | |
| १.नगरपालिकाबाट सञ्चालित पुस्तकालयलाई व्यवस्थित तरिकाबाट सञ्चालन गर्न व्यवस्थापनमा सुधार गरिने छ । | ✓ | | | पुस्ताकालयमा ३० वटा कुर्सि उपलव्ध भएको । कम्प्यूटर र ईन्टरनेट को आवष्यकता जरुरत रहेको । |
| २. नगरपालिका क्षेत्रमा खेलकुद विकास गर्न निर्माण भएका क्लवहरुलाई प्रोत्साहन गर्न सहयोग गरिने छ । | | | ✓ | कार्यान्वयन नभएको अवस्था रहेको । |
| ३. साहित्य, कला र सँस्कृतिको विकासका लागि आवस्यक कार्यक्रमहरु सरोकारवाला सँस्थाहरुको सहकार्यमा सञ्चालन गरिने छ । | | | ✓ | उल्लेखेनिय रुपमा कार्यान्वयन नभएको । |
| ४. शिक्षा क्षेत्रको विकासका लागि नगरपालिकामा सामुदायिकस्तरबाट सञ्चालित उच्च माद्यमिक विद्यालय र अन्य विद्यालयहरुलाई आवस्यकता र प्राथमिकताका आधारमा व्यवस्थापन सहयोग गर्ने नीति लिईने छ । | ✓ | | | विद्यालय का वाल वालिकाहरुलाई सृजनात्मक गतिविधिहरुमा सम्लग्न गराएको । भौतिक पुर्वाधारहरुमा, विद्यालय निर्माण कार्यमा सहयोग गरेको । |
| | | | | |
| (झ) सुशासन प्रवर्धन तथा | | | | |

| नीतिगत निर्णय | कार्यान्वयनको अवस्था | | | प्रभाव |
|---|---|---|---|---|
| | सन्तोषजनक | ठिकै | न्युन | |
| संगठन विकास नीति | | | | |
| १. नगरपालिकाबाट प्रवाह गरिने सवै प्रकारका सेवालाई कर सँग आवद्ध गर्दै लगिने छ। | ✓ | | | पूर्ण रुपमा कार्यान्वयन गरिएको । विभिन्न सिफारिस प्रदान गर्दा, नक्सा पास गर्दा तथा अन्य सेवा सुविधा प्रदान गर्दा कर लिने गएिको । आ. ब. २०६८/०६९को परिषदको निर्णय अनुसार ३ वर्ष सम्मको लागि वक्यौतामा छुट समेत गरियो । ( ३-५ वर्ष सम्मको लागि ३५ प्रतिशत, ५-१० वर्ष सम्मकोलागि ५० प्रतिशत, १० वर्ष माथिको लागि ६० प्रतिशत) । साथै व्यवसायिक संस्थाहरुलाई करको दायरा भित्र ल्याउन उत्साहित गर्ने उद्धेश्यले आ.व.२०७१/०७२ मा सोहि वर्षमा दर्ता भए सरह मानेर दर्ता गर्दा दर्ता प्रकृया वढेको देखिन्छ। |
| २. सूचना शाखालाई साधन सम्पन्न र व्यवस्थित गरिने छ। | ✓ | | | सूचना शाखा व्यवस्थित रहेको देखिन्छ। |
| ३. नगरपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवाहरुलाई जनमुखी गर्दै लगिने छ। | | | | कार्यान्वयन भईरहेको। |
| ४.नगरपालिकाको नागरिक वडापत्रलाई परिमार्जन सहित प्रकाशन गरिने छ। | ✓ | | | क्षतिपुर्ति सहितको नागरिक वडा पत्र समेत जारी गरि कार्यान्वयनमा ल्याईएको। |
| ५. सबै वडा समितिको कार्यालयहरुमा नागरिक बडापत्र होर्डिङ्ग बोर्ड राखिने छ। | | ✓ | | कार्यान्वयन भईरहेको। |
| ६.नगरपालिकाबाट भएका प्रकाशनहरुलाई अभिलेखवद्ध गर्दै लगिने | | ✓ | | प्रकृयाको शुरुवात भएको। |

| नीतिगत निर्णय | कार्यान्वयनको अवस्था | | | प्रभाव |
|---|---|---|---|---|
| | सन्तोषजनक | ठिकै | न्युन | |
| छ । | | | | |
| ७. नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई अध्ययन, अवलोकन तथा अनुभव आदान प्रदान भ्रमणको लागि विभिन्न नगरपालिकाहरुमा पठाईने छ । | | ✓ | | १३ सामाजिक परिचालकहरु र संलग्न कर्मचारीहरुवाट रत्ननगर न.पा. र चितवनमा अवलोकन भ्रमण सम्पन्न । |
| ८.नगरपालिकाको कार्यप्रक्रिया सरलीकरण गर्न निर्माण भएको कार्यविधी र निर्देशिका लागु गरिने छ । | ✓ | | | विगतका वर्षहरुवाट लागु भई रहेको अवस्था विद्यमान छ । |
| ९ .कर्मचारीहरुलाई प्रोत्साहन गर्न उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीहरुलाई पुरस्कृत गर्ने परम्परालाइ निरन्तरता दिईने छ । | ✓ | | | कार्यान्वयन भएको अवस्था छ । ४ जना कर्मचारीहरुलाई पुरस्कृत गरिएको । |
| १०. क्षमता विकास योजनालाई परिमार्जन सहित कार्यान्वयन गरिने छ । | | | ✓ | यस सम्वन्धि काम नभएको । |
| ११. सुशासन प्रवर्धन कार्यक्रमलाई प्राथमिकतामा राखी सञ्चालन गरिने छ । | ✓ | | | कार्यान्वयन भईरहेको अवस्था विद्यमान छ । |
| १२. वडा समितिको कार्यालयबाट प्रवाह गरिने सार्वजनिक सेवालाई सरल, छिटोछरितो जनमुखी वनाउने नीति लिइने छ । | ✓ | | | कार्यान्वयन भईरहेको अवस्था विद्यमान छ । |

| नीतिगत निर्णय | कार्यान्वयनको अवस्था | | | प्रभाव |
|---|---|---|---|---|
| | सन्तोषजनक | ठिकै | न्युन | |
| १३. कर्मचारीहरुको कार्यसम्पादन मुल्यांकन प्रणालीलाई कर्मचारीले सम्पादन गरेको कामसँग आवद्ध गरी परिणाममुखी वनाउने नीति लिईने छ। | ✓ | | | कार्यान्वयन भईरहेको अवस्था विद्यमान छ। |
| १४. नगरपालिकाबाट सम्पादन हुने कामलाई सरल छिटोछरितो र जनमुखी वनाउने | ✓ | | | कार्यान्वयन भईरहेको अवस्था विद्यमान छ। |

## ३.आर्थिक एवं वित्तिय नीति

| क.सं | नीतिगत निर्णय | कार्यान्वयनको अवस्था | | | प्रभाव |
|---|---|---|---|---|---|
| | | सन्तोषजनक | ठिकै | न्युन | |
| | (ञ) सार्वजनिक निजी साझेदारी व्यवस्थापनसम्वन्धि नीति | | | | |
| | १. नगरपालिका क्षेत्रभित्रका सामुदायिक भवन तथा बाल उद्यानहरु(पार्क) सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईने छ। | | ✓ | | कार्यान्वयन भईरहेको अवस्था विद्यमान छ। व.नं ६ मा वाल उद्यान निर्माणकार्यको निरन्तरता, तरकारी फलफूल वजार कान्छीवजार सञ्चालन भईरहेको |
| | २.नगरपालिका क्षेत्रभित्रको फोहरमैला | | | ✓ | कार्यान्वयन नभएको। |

| क.सं | नीतिगत निर्णय | कार्यान्वयनको अवस्था | | | प्रभाव |
|---|---|---|---|---|---|
| | | सन्तोषजनक | ठिकै | न्युन | |
| | व्यवस्थापन सार्वजनिक निजी साझेदारीको अवधारणा अन्तरगत साझेदारी संस्थाहरुको सहकार्यमा गरिने छ । | | | | |
| | (ट) सार्वजनिक सम्पत्ती संरक्षण तथा व्यवस्थापनसम्वन्धि नीति | | | | |
| | १. जिन्सीको सफ्टवेयर निर्माण गरी सो अनुसार सम्पत्तीको अभिलेख राखिने छ । | ✓ | | | कार्यान्वयन भएको । |
| | २. नगरपालिकामा रहेको सम्पत्ति व्यवस्थापन र संरक्षण गर्न प्रयोगमा आउन नसक्ने तथा मर्मत संभार गर्न वढी लागत लाग्ने जिन्सी सामग्रीहरु लिलाम बिक्री गर्ने कार्यलाई निरन्तरता दिईने छ । | ✓ | | | गत वर्ष विभिन्न प्रकारका रु४९११५१को सामानहरु लिलाम विक्रि भएको । |
| | ३. जिन्सी निरीक्षणबाट प्राप्त सुझावहरुको सामयिक कार्यान्यवन गर्दै लगिने व्यवस्था गरिने छ । | ✓ | | | कार्यान्वयन भएको । |
| | ४. नगर क्षेत्र भित्र रहेका सार्वजनिक प्रति जग्गाको अभिलेखन राखी संरक्षणको आवस्यक व्यवस्था गरिने कार्यलाई निरन्तरता दिईने छ । | ✓ | | | ९९ विगाहा जग्गाको न.पा.अन्तरगत रहेको । र यसको संरक्षण गर्ने कार्य भई रहेको । |
| | (ठ) आन्तरिक आय बृद्धि तथा राजस्व | | | | |

| क.सं | नीतिगत निर्णय | कार्यान्वयनको अवस्था | | | प्रभाव |
|---|---|---|---|---|---|
| | | सन्तोषजनक | ठिकै | न्युन | |
| | व्यवस्थापनसम्वन्धि नीति | | | | |
| | १. बक्यौता रहेका व्यवसाय कर असुली कार्यलाई प्रभावकारी गर्न घरदैलो कार्यक्रम निरन्तर रुपमा सञ्चालन गरिने छ। | ✓ | | | गत वर्षको जेठ आषाढ महिनामा भएको, कार्यक्रमले निरन्तरता पाएको । |
| | २. नगरपालिकामा आ.ब. ०६९/०७० देखि लागु भएको एकिकृत सम्पत्ति करलाई व्यवस्थित र अभिलेखबद्ध गर्दै लगिने छ। | ✓ | | | कार्यान्वयन भएको । |
| | ३. करको दायरामा नआएका करदाताहरुलाई करको दायरामा ल्याउने कार्यक्रम सञ्चालन गरिने छ। | | ✓ | | करको दायरामा ल्याउन माथि उल्लेख गरिए अनुसार ३ वर्ष सम्म वक्यौता छुटको अवसर प्रदान गर्नुका साथै प्रत्येक वर्ष घरदैलो अभियान सञ्चालन गरिएको छ । यसले राजश्वका लक्ष्य प्राप्ति भईरहेको । तर अझै पनि वक्यौता देखिएको हुनाले वास्तविकता पत्तालगाउन न.पा.को तर्फवाट नितीगत निर्णय लिई दर्ता भई न.पा. मा भई काम नगरेका व्यवसायीक संस्थाहरुको नामावलि हटाउनु पर्ने । |
| | ४. कर प्रणालीलाई व्यवस्थित, पारदर्शी र जनमुखी गर्न विभिन्न सञ्चार माध्यमबाट करका दरहरु प्रचार प्रसार गरिने छ। | ✓ | | | पत्र पत्रिका र एफ एम वाट नियमित रुपमा करका दररेट हरुको प्रचार गरिएको । |
| | | | | | |
| | ५. नगर क्षेत्रको संभाव्य सार्वजनिक स्थानहरुमा हुने यातायातका साधनहरुको | ✓ | | | गत वर्ष २०७१/०७२ वाट न.पा.का ३ ठाऊहरुमा ठेक्का दिई सञ्चालनमा |

| क.सं | नीतिगत निर्णय | कार्यान्वयनको अवस्था | | | प्रभाव |
|---|---|---|---|---|---|
| | | सन्तोषजनक | ठिकै | न्युन | |
| | पार्किङ्ग व्यवस्थालाई व्यवस्थित गर्न सरोकारवालाहरुको सहमति र सहयोगमा सवारी साधन पार्किङ्ग शुल्क संकलन गर्ने कार्य निरन्तरता दिईने छ । | | | | ल्याईएको । |